**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी र माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जुबीच मालेमा भएको प्रतिनिधिमण्डलस्तरीय वार्तापछि भारत र माल्दिभ्सबीच विभिन्न सम्झौतामा हस्ताक्षर भएको छ।

२. भारतले माल्दिभ्सलाई चार हजार आठ सौ 50 करोड़ रुपियाको ऋण सहायता प्रदान गरेको छ।

३. विभिन्न विषयमा विपक्षीको हंगामा बीच राज्यसभा र लोकसभाको कारवाही आज दिनभर बाधित भएको छ।

४. थाइल्याण्ड–कम्बोडिया सीमामा तनावपूर्ण स्थितिलाई ध्यानमा राख्दै थाइल्याण्डस्थित भारतीय दूतावासले भारतीय यात्रीहरूलाई थाइल्याण्ड पर्यटन प्राधिकरणको आधिकारिक स्रोतहरूबाट जानकारी लिन सल्लाह दिएको छ।

५. क्रिकेटमा भारत अनि इंगल्याण्डबीच एंडरसन-तेन्दुलकर ट्रफीको चौथो टेस्टको तेस्रो दिनको म्याच जारी छ

**प्रधानमंत्री-मॉलदीव**

प्रधानमन्त्री नरेन्द्र मोदी र माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जुबीच मालेमा भएको प्रतिनिधिमण्डलस्तरीय वार्तापछि विभिन्न सम्झौतामा हस्ताक्षर भएको छ। वार्तापछि प्रधानमन्त्री मोदीले माल्दिभ्सको ऐतिहासिक स्वतन्त्रताको ६० औँ वर्षगाँठका अवसरमा माल्दिभ्सका राष्ट्रपति र त्यहाँका जनतालाई बधाई दिनुभयो। यसका साथै श्री मोदीले माल्दिभ्सको विकासका लागि ४ हजार ८ सय ५० करोड ऋण उपलब्ध गराउने घोषणा पनि गर्नुभयो

बाइट डेब्लोमेन्ट

**यसैबीच** प्रधानमन्त्री नरेन्द्र मोदी माल्दिभ्सको ६० औं स्वतन्त्रता दिवस समारोहमा प्रमुख अतिथिका रुपमा सहभागी रहनुहुनेछ। श्री मोदी माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जुको विशेष निमन्त्रणामा माल्दिभ्सको राजकीय भ्रमणमा हुनुहुन्छ। यसैबीच मुइज्जुले श्री मोदीलाई भारतको दोस्रो लामो समय प्रधानमन्त्री रहने प्रधानमन्त्री बन्न सफल भएकोमा बधाई दिनुभएको छ। श्री मुइज्जुले मोदीको नेतृत्वको प्रशंसा गर्दै दुई देशबीच घनिष्ठ सम्बन्ध रहिरहने बताउनुभयो भने भारत लामो समयदेखि माल्दिभ्सको सबैभन्दा नजिकको र विश्वासिलो मित्र रहेको उल्लेख गर्नुभयो।

**प्रधानमंत्री तमिलनाडु दौरा**

प्रधानमन्त्री नरेन्द्र मोदी आजदेखि तमिलनाडुको दुई दिने भ्रमणमा जानुहुनेछ। ब्रिटेन र माल्दिभ्सबाट फर्केलगत्तै प्रधानमन्त्री तुतीकोरिन जानुहुनेछ जहा चार हजार आठ सौ करोड़का विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। यसमा तुतीकोरिन विमानस्थलमा नयाँ टर्मिनल भवन, सेतियातोप्पु-चोलापुरमलाई चार लेन बनाउने, तुट्टुकुडी बन्दरगाह मार्गलाई छ लेन बनाउने, मदुरै- बोदिनायक्कनूर रेल लाइनको विद्युतीकरण र नागरकोइल-कन्याकुमारी खण्डको दोहरीकरण समावेश छ।

भ्रमणको क्रममा श्री मोदीले सडक पूर्वाधारको क्षेत्रमा दुई महत्वपूर्ण राजमार्ग विकास परियोजनाको शिलान्यास गर्नुहुनेछ भने उहाँले दक्षिणी तमिलनाडुमा तीन प्रमुख रेल पूर्वाधार परियोजनाहरूको पनि अनावरण गर्नुहुनेछ। प्रधानमन्त्रीले चिदम्बरनार बन्दरगाहमा उत्तरी कार्गो बर्थ-3 को पनि उद्घाटन गर्नुहुनेछ। यो २८५ करोडको लागतमा निर्माण गरिएको हो। यो टर्मिनलले यस क्षेत्रको समग्र बन्दरगाह क्षमतामा सुधार गर्नेछ। यसका साथै प्रधानमन्त्री मोदीले ५५० करोडको अन्तरराज्यीय प्रसारण प्रणाली परियोजनाको पनि

शिलान्यास गर्नुहुनेछ । यस्तै प्रधानमन्त्री मोदीले महान चोल सम्राट राजेन्द्र चोल-प्रथमको जन्मजयन्ती समारोहका साथै तिरुचिरापल्लीको गङ्गाइकोन्डा चोलापुरम मन्दिरमा आदि तिरुवथिराई महोत्सवमा पनि भाग लिनुहुनेछ।

**प्रधानमंत्री-मोदी**

प्रधानमन्त्री नरेन्द्र मोदी सबैभन्दा लामो समयसम्म प्रधानमन्त्री बन्ने दोस्रो व्यक्ति बन्नुभएको छ । नयाँ दिल्लीमा पत्रकारसँग कुरा गर्दै भारतीय जनता पार्टीका प्रवक्ता सुधांशु त्रिवेदीले, 'प्रधानमन्त्री नरेन्द्र मोदीले जनताको जनादेशकै कारण यो रेकर्ड हासिल गरेका बताउनुभयो भने प्रधानमन्त्री मोदीको कार्यकाल विकासको सुनौलो अध्यायले भरिएको बताउनु भयो।

बाइट

**गृह मंत्री-एनएसएस सम्मेलन**

गृहमन्त्री अमित शाहले भगौडा आतङ्कवादी र तस्करहरूलाई फिर्ता ल्याउन विशेष कदम चाल्न निर्देशन दिनुभएको छ। नयाँ दिल्लीमा आयोजित दुई दिने राष्ट्रिय सुरक्षा रणनीति सम्मेलनलाई सम्बोधन गर्दै उहाँले केन्द्र र राज्यका कानून प्रवर्तन एजेन्सीहरूबीच समन्वय बढाउनुपर्ने र देशभित्रका आतङ्कवादी सञ्जालहरूसँग दृढतापूर्वक सामना गर्नुपर्नेमा जोड दिनुभयो। शाहले आतङ्कवादीहरूले (एन्क्रिप्टेड) गुप्तिकरण गरेका सन्देशहरूको दुरुपयोगको समाधान खोज्न सबै सरोकारवालाहरूलाई मिलेर काम गर्न आग्रह गर्दै पुलिस संगठनमा स्वदेशी प्रविधिको मात्र प्रयोग सुनिश्चित गर्न पनि आग्रह गर्नुभयो । सम्मेलनको पहिलो दिन लागुऔषधको व्यापारमा संलग्न विदेशी शक्तिको आन्तरिक सम्बन्ध र आतङ्कवादी वित्तपोषणका स्रोतबारे पनि छलफल भएको थियो ।सम्मेलनमा देशभरका करिब ८०० पदाधिकारीको सहभागिता रहेको थियो । सम्मेलनको दोस्रो दिन आज नागरिक उड्डयन, बन्दरगाह सुरक्षा र वामपन्थी अतिवादका विषयमा पनि छलफल हुनेछ ।

**राष्ट्रपति**

राष्ट्रपति द्रौपदी मुर्मूको कार्यकाल तीन साल पुरा भएको छ। यस अवसरमा राष्ट्रपति नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा आयोजित विभिन्न महत्वपूर्ण समारोहमा सहभागी हुनुभयो । यसमा दिव्याङ्गमैत्री राष्ट्रपति भवनको घोषणा, २२ भारतीय भाषामा राष्ट्रपति भवनको वेबसाइटको शुभारम्भ लगायत सामेल छन् । यसैबीच राष्ट्रपति मुर्मुले, "विगत तीन वर्षमा धेरै निर्णयहरू गरिएका छन् जसले राष्ट्रपति भवनसँग नागरिकहरूको संलग्नता बढाएको बताउनु भयो।

**अटल पेंशन योजना**

केन्द्र सरकारको अटल पेन्सन योजनाका ग्राहकहरूको संख्या आठ करोड नाघेको छ। १० वर्षअघि सुरु गरिएको यो योजना भारत सरकारको प्रमुख सामाजिक सुरक्षा योजना हो । यो देशका सबै नागरिकहरूको लागि स्वैच्छिक र योगदानमूलक पेन्सन योजना हो जुन मुख्यतया गरीब, विपन्न र असंगठित क्षेत्रका श्रमिकहरूमा केन्द्रित छ।

**रिजिजू-ऑपरेशन सिंदूर**

लोकसभामा जम्मु–कश्मीरको पहलगाममा भएको आतंकवादी हमला र अपरेसन सिन्दूरअन्तर्गत भारतले चालेको कदमबारे सोमबार विशेष छलफल हुनेछ । लोकसभा अध्यक्ष ओम बिरलाको अध्यक्षतामा बसेको **कार्य मंत्रणा समिति** (बीएसी) को बैठकले उक्त निर्णय गरेको हो । संसदीय मामिला मन्त्री किरेन रिजिजुले नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै सोमबार लोकसभामा र मंगलबार राज्यसभामा १६-१६ घण्टा छलफलको समय रहेको बताउनु भयो भने श्री रिजिजूले विपक्षी दललाई संसदको सुचारु सञ्चालनका लागि अवरुद्ध नगर्न आग्रह समेत गर्नुभयो ।

**करगिल विजय दिवस**

आज राष्ट्रले कारगिल विजय दिवस मनाउँदैछ । यो दिवस 1999 मा पाकिस्तानविरुद्ध कारगिल युद्धमा शहीद भएका वीर सैनिकहरूको सम्झनामा मनाइन्छ। यो दिन कारगिल युद्धमा पाकिस्तानविरुद्ध अपरेशन विजयको सफलताको प्रतीक हो। यस

अपरेसनमा भारतीय सशस्त्र बलले जम्मु–कश्मीरको कारगिलमा पाकिस्तानी सैनिक र आतङ्ककारीले घुसपैठ गरेका क्षेत्रहरूमा पुनः नियन्त्रण स्थापित गरेको थियो।

**फायर कन्ट्रोल रडार्स**

रक्षा मन्त्रालयले सेनाको लागि एयर डिफेन्स फायर कन्ट्रोल राडार खरिदका लागि भारत इलेक्ट्रोनिक्स लिमिटेडसँग २,००० करोडको सम्झौतामा हस्ताक्षर गरेको छ। मन्त्रालयका अनुसार यी फायर कन्ट्रोल राडारले लडाकु विमान, आक्रमणकारी हेलिकप्टर र शत्रुका ड्रोनलगायत सबै प्रकारका हवाई खतर पत्ता लगाउन सक्नेछन् । यसका साथमा यो एयर डिफेन्स रेजिमेन्टको आधुनिकीकरणमा महत्वपूर्ण साबित हुने र भारतीय सेनाको परिचालन क्षमता बढाउनेछ।

**थाईलैंड-कंबोडिया**

थाइल्याण्ड र कम्बोडियाको सीमाक्षेत्रमा विभिन्न क्षेत्रमा झडप जारी छ । कम्बोडियाली सेनाले भारी हतियार, फिल्ड आर्टिलरी र रकेटको प्रयोग गरेर लगातार बमबारी गरिरहेका छन भने थाई सेनाले जवाफी कारबाही गर्दै स्थानीय नागरिकलाई झडप भएको क्षेत्रमा प्रवेश नगर्न सुझाव दिएको थियो । थाइल्याण्ड–कम्बोडिया सीमानजिक भएको झडपमा परी कम्तीमा १४ जना थाइल्याण्डका नागरिकको मृत्यु हुनुका साथै अन्य ४६ जना घाइते भएका छन् । यसैबीच थाइल्याण्डस्थित भारतीय दूतावासले थाइल्याण्डमा रहेका सबै भारतीय यात्रीहरुलाई थाइल्याण्ड पर्यटन प्राधिकरणको समाचार कक्षलगायत थाई आधिकारिक स्रोतबाट जानकारी लिन सुझाव दिएको छ । यस सन्दर्भमा थाइल्याण्डको पर्यटन प्राधिकरणले उल्लेख गरेका स्थानहरू यात्राका लागि सिफारिस नगरिएको दूतावासले जनाएको छ